# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७९

# मार्मा गाउँपालिका

## दार्चुला




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ३२३ मितिः २०७९।३।१२

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
मार्मा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
दार्चुला ।

**कैफियत सहितको राय**

हामीले मार्मा गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रू. १ करोड ७९ लाख २५ हजार बेरुजु देखिएको छ । सोमध्ये मिति २०७८।७।२६ मा प्राप्त प्रतिक्रियाबाट रु. १ लाख २६ हजार फर्स्यौट भई असुल गर्नुपर्ने रु. ४ लाख ७५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ९१ लाख ३९ हजार, नियमित गर्नुपर्ने रु. ९ लाख ५ हजार र पेश्की रु. ७२ लाख ८० हजार बाँकी बेरुजु रहेको छ । पालिकाको गत वर्षसम्म रु. ७ करोड ४१ लाख ८० हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु. ९ करोड १५ लाख ७४ हजार रहेको छ । यस पालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।
२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्य अनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, बैङ्क हिसाब मिलान नगरेको, सुत्रमा नसमेटिएको कारोवार रहेको, लेखापरीक्षण समितिको गठन तथा अनुदान फिर्ता लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन् ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचार संहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभुत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । मार्मा गाउँ कार्यपालिका, मार्मा गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

# मार्मा गाउँपालिका, दार्चुला

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्योंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५० | २३ | १७९२५ | ० | २ | १२६ | ५० | २१ | १७७९९ | ४७५ | ९०५ | ९१३९ | ० | ० | १००४४ | ७२८० |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्योंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ७४१८० | ० | ४०५ | ७३७७५ | ० | १७७९९ | ९१५७४ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : मार्मा गाउँपालिका, दार्चुला , मर्मा गाउँपालिका , दार्चुला

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Ram Kumar Rana | २०७६-७-६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Keshab Singh Mahara | २०७६-११-९ | |
| | | **बेरुजु रकम** | १७,७९९,३६५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १,९९,८५,७२१.३२ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३६,२७,५८,२१० | चालु खर्च | २८,१०,८०,०३६.४ |
| प्रदेश सरकारबाट अनुदान | २,९४,६२,००० | पूँजीगत खर्च | १७,४१,२२,७६१.३७ |
| राजश्व बाँडफाँट | ५,६२,७२,७७१.४७ | वित्तीय/अन्य व्यवस्था | ८,३७,३२,०६१ |
| आन्तरिक आय | ६३,७१,३६५.४९ | | |
| अन्य आय | ८,८४,७५,०४१ | | |
| कुल आय | ५४,३३,३९,३८७.९६ | कुल खर्च | ५३,८९,३४,८५८.७७ |
| बाँकी मौज्दात | | २,४३,९०,२५०.३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस मार्मा गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु मार्मा गाँउपालिकाको उद्देश्य रहेको छ । यस मार्मा गाँउपालिका अन्तर्गत ६ वडा, ३२ गाँउसभा सदस्य तथा १४ हजार ९५६ जनसंख्या रहेको छ ।<br><br>**वित्तीय विवरण विश्लेषणः**<br>**वित्तीय विवरण—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः<br>·यस पालिकाले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>·प्रकोप कोषतर्फ बजेट रू. १,०९,००,०००.०० मा आम्दानी रू. ९३,२४,०००.०० देखाएकाले . १५७६,०००.०० मौज्दात फरक देखिएको छ ।<br>·यस पालिकाले बैंक समायोजन हिसाब तयार गरि हिसाव मिलान गरेको तथा खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु १,४१,५५,५७४.९६ले फरक देखिएको छ ।<br>·सुत्रको माध्यम मार्फत तयार प्रतिबेदनमा स्थानीय तहको चालु तथा बिगतको पेश्की तथा बिभिन्न कोषको कारोबारको पुर्ण प्रतिनिधित्व हुन सकेको छैन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २ | | | **जिम्मेवार**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु १,९९,८५,७२१.३२ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु १,९९,८५,७२१.३२ जिम्मेवारी सारेको देखियो । | |
| ३ | | | **बैंक हिसाब मिलान नगरेको**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय | |

तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने देखिएको छ ।

| खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|
| स्थानीय सञ्चित कोष खाता | ८२४९१९२.६ | २२१६५०५५.५६ | १३९१५८६२.९६ |
| धरौटी खाता | ३९१७७८२ | ३८८६७२२ | ३१०१६ |
| कोभिड कोष खाता | ७०२५२४.१४ | ९११२२१.१४ | २०८६९७ |
| कर्मचारी कल्याण कोष खाता | ० | ० | ० |
| अन्य खाताहरु | ६००००० | ६००००० | ० |
| जम्मा | १३४६९४९८.७ | २७५६२९९८.७ | १४१५५५७५.९६ |

४

**आन्तरिक नियन्त्रण**

**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमादेखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

| | | | | |
|---|---|---|---|---|
| | | | • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई समयमानै दिएको तथा इ टीडिएस गरेको पाईएन।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन।<br>• पालिकाले २०७७/०७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेकोपाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा पाईएन।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५ | | | **सुत्रमा नसमेटिएको कारोबार** | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | यस गाउपालिकाको आ.व २०७६।७७ देखि सुत्र प्रणालीमा आर्थिक कारोवार सन्चालन गरेको छ।उक्त प्रणाली कार्यान्वयनमा भएता पनी लागुहुनु पुर्वका फछ्र्यौट हुन बाँकी पेश्कीहरुको अभिलेख तथा फर्छयौट यस प्रणालीमा समावेस गरेको देखिएन।त्यसैगरि बिगतका कोषहरु पनि यसमा पूर्ण रुपमा नसमेटीएको अवस्था पाईयो । पेश्की फछ्यौट घटी बढी र पेश्की रकमको अभिलेखको कार्यान्वयन नभएको देखिएकोले बिगतको आर्थिक कारोबार संग सम्बन्धित क्रियकलापको वित्तिय विवरणले प्रस्तुत गर्न सकेको दिखिएन,। साथै बजेट वाँडफाँड तथा रकमान्तर र सामान्य गल्तिका कारण बजेट निकासा तथा खर्चको हिसाव मिलान र संशोधन अवस्थामा पनि यसको प्रयोग कार्यान्वयन निकायका आधिकारिक व्यक्तिवाट तत्काल हुन नसक्ने अवस्था रहेको देखिएकोकोले यस्ता समस्याको समाधानतर्फ समेत सम्बन्धित निकायको ध्यानाआकर्षण आवश्यक देखियो। | | |
| ६ | | | **लेखापरीक्षण समितिको गठन**<br>आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व ऐन २०७६को दफा ३४ ले प्रतेक स्थानीय तहले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र सो वाट औंल्याईएका व्यहोरमा सुधार भए नभएको परीक्षण तथा आवस्यक कारवाहि गर्न लेखापरीक्षण समिति गठन गर्नु पर्ने यो समितिले गरेको काम कारवाहिको प्रतिबेदन स्थानीय तहका प्रमुख समक्ष पेश गर्नु पर्ने व्यवस्था भएता पनि ऐनको उक्त व्यवस्थाको कार्यान्वयन भएको नदेखीएकोले ऐनमा भएको व्यवस्था कार्यान्वयन गरिनु पर्दछ । | | |
| ७ | | | **आयोजनाहरूको फरफारक**<br>स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ८४ प्रमुख प्रसासकीय अधिकृतको व्यवस्था गरेको र निजका काम कर्तव्य तथा अधिकार तोकेको छ । यसै दफाको उपदफ २ (ङ) मा आयोजनाहरूको फरफारकका लागि प्रतिबेदन तयार गरी कार्यपालिकाको बैठकमा पेश गर्ने काम तोकिएकोमा यस स्थानीय तहमा उक्त व्यवस्थाको कार्यान्वयन भएको देखिएन । कार्यान्वयन गरिएका आयोजना तथा योजनाको कार्यपालिकावाट मूल्याँकन भई देखिएका कमीकमजोरी समयमै सुधार गरि आर्थिक कारोवारको पारदर्शिता अभिबृद्धी गरेको देखिएन ।अत सन्चालित आयोजनाको सन्चालनमा भएको खर्चको मूल्याँकन कार्यपालिकावाट हुन सकेको नदेखिएकोले ऐनमा भएको व्यवस्था कार्यान्वयन गरि आर्थिक कारोवारको पारदर्शिता अभिबृद्धी गरिनु पर्दछ । | | |
| ८ | | | **खर्च सार्वजनिकीकरण**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने, उपभोक्ता समिति वा लाभग्राही समुदाय आफुले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिमार्फत काम गराएकोमा सवै उपभोक्ता समितिले गरेको खर्चको बिल भरपाई, उपभोक्ता समितिको माइन्युट, खर्च पूर्णरुपमा सार्वजनिक गरेको पाइएन । नियममा भएको व्यवस्थाको पूर्णरुपमा पालना हुनुपर्दछ । | | |
| ९ | | | **कानून निर्माण र कार्यान्वयन** | | |

| | | | | |
|---|---|---|---|---|
| | | | **लेखापरीक्षण प्रतिवेदन उपर छलफलः** लेखापरीक्षण ऐन २०७५ को दफा २०मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने र सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्दछ । यो वर्ष पालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल नगरी कार्यपालिकाको वैठकमा पेश सम्म गरेको देखीयो । लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्थाकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ । | |
| १० | | | **कानून र सञ्चालन स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३५ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस गाउँपालिकाले हालसम्म ११ वटा ऐन, ४ वटा नियमावली, २८ वटाकार्यविधि लगायत ४३ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोछ । साथै पालिकाले कानूनहरु निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरेको कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ । | |
| ११ | | | **न्यायिक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरेहेको र यो बर्ष थप भएको गरी कूल ४० विवाद दर्ता भएकोमा ३६ वटा मात्र फछ्र्यौट भई ४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १२ | | | **योजना तर्जुमा, बजेट तथा कार्यक्रम**<br>**योजना र कार्यान्वयन**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ।कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ।साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष भएका कामका योजनाहरु देहायअनुसार छन्: | |

| क्र.सं. | विवरण | योजना संख्या | रकम (रु. हजारमा) |
|---|---|---|---|
| १ | रु. १ लाख भन्दा कमका योजना | ९९ | ६४०० |
| २ | रु. १ लाख १ देखि ५ लाख सम्मका योजना | ३४ | ११०५० |
| ३ | रु. ५ लाख देखि १० लाख सम्मका योजना | ३ | २४०० |
| ४ | रु. १० लाख देखि ५० लाख सम्मका योजना | ६ | २३७०९ |
| ५ | रु. ५० लाख भन्दा बढीका योजना | ७ | १६८१०२ |
| **जम्मा** | | **१४५** | **२११६६१** |

१३

**बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री बागमति ठगुन्ना ले २०७७।०३।१० गते रु ४४ करोड २५ लाख ८१ हजार ८ सय ४० को बजेट सभा समक्ष पेश गरेकोमा २०७७।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७ श्रावण १ गते मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

१४

**खर्च व्यवस्थापन**

**चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।


https://nams.oag.gov.np

| पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | असार महिनाको खर्च |
| कूल खर्च: | १७४१२२७६१.३७ | १५८१९२४४ | ५५९५५६९९.७५ | १०२३४७८१७.६२ | ६१४३८५२५.०० |
| खर्च प्रतिशत | १०० | 9.08 | 32.14 | 58.78 | ३५.२८ |

१५

**क्षेत्रगत बजेट र खर्च**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७/०७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **मुख्य क्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | ३३६००००० | ३१०९५७१५ | ९२.५५% |
| सामाजिक क्षेत्र | १८८१२७००० | १७४८४४०१०.१० | ९२.९४% |
| पूर्वाधार विकास क्षेत्र | ९८०९२४०० | ७१३०१७५७.६२ | ७२.६९% |
| वातावरण तथा विपद् व्यवस्थापन | ०० | ०० | ०० |
| संस्थागत विकास र सेवा प्रवाह | ०० | ०० | ०० |
| वित्तीय व्यवस्थापन र सुशासन | ६४८५०००१ | ६२७९४८६५.७५ | ९६.८३% |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १३५२८५५९१.४८ | ११५१६६४४९.३० | ८६.१३% |
| **जम्मा** | ५१९९५४९९२.४८ | ४५५२०२७९७.७७ | ८७.५४% |

उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०७७/०७८ को कूल खर्च मध्ये सबैभन्दा बढी समाजिक विकास क्षेत्र मा ९२.९४ प्रतिशत र सबै भन्दा घटी पुर्वाधार विकास क्षेत्र मा ७२.६९ प्रतिशत खर्च भएको छ । मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट

| | | | | |
|---|---|---|---|---|
| | | | सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यनव्यन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्दछ । | |
| १६ | | | **खर्च बिश्लेषण**<br>पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रू. ५५५७७७७१.४५ राजस्व बाँडफाँड र अनुदानबाट रू. ४१६२२०२१० समेत रू. ४७१७९७९८१.४७ आम्दानी भएकोमा चालु तर्फ रू. २८१५५५५०८८.०२ र पूँजिगत तर्फ रू १७४१२२७६१.३७ र बित्तिय ब्यबस्था तर्फ रू. ० समेत रू ४५५६७७८४९.३९ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.२१ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु९१४७५७३.७५ खर्च भएको छ जुन आन्तरिक आयको ४७.४५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५९.६८ प्रतिशत चालु र ३६.९१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| १७ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको ४० प्रतिशत र अन्य सानातिना खर्च ६० प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट 2 प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७७/७८ मा कन्टीन्जेन्सी बापत रु ३२००००० कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |
| १८ | | | **संगठन तथा कर्मचारी ब्यवस्थापन**<br>**कर्मचारी करार**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले विभिन्न ४८ पदमा ४८ जना कर्मचारीहरु करारमा राखी रु.८५९०००० खर्च लेखेको छ । | |
| १९ | | | **सेवा प्रवाह व्यवस्थापन**<br><br>**स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखियो । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले | |

| | | | | |
|---|---|---|---|---|
| | | | महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| २० | | | **सेवाप्रवाहको स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ९१४ |
| मृत्युदर्ता | ७८ |
| बसाईसराई दर्ता | १८४ |
| विवाह दर्ता | ८४ जोडि |
| सम्बन्धविच्छेद दर्ता | |
| **प'र्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ० कि.मि. |
| कालोपत्रे सडक मर्मत | ० किमि |
| ग्राभेल सडक निर्माण | ० कि.मि. |
| ग्राभेल सडक मर्मत | ० कि.मि. |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन ।

२१

**पदाधिकारी सुविधा**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले आफुनिर्वाचित भई अनुसूची–२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानित सर्वोच्च

| | | | | |
|---|---|---|---|---|
| | | | अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जसअनुसार सुदूरपश्चिम प्रदेश सरकारले प्रथम संशोधन गरी २०७८ असार ११ मा राजपत्रमा प्रकाशन गरेको उक्त स्थानीय तहका पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूची १ मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ । जसबाट स्थानीय तहका पदाधिकारीहरुले मासिक पारिश्रमिक वापतको सूविधा पाउने देखिदैन । तर पालिकाले पदाधिकारीको मासिक पारिश्रमिक सुविधामा निम्नानुसार रु.४३५५९८/- खर्च लेखेको देखिन्छ । | |
| २२ | | | **अनुत्पादक तथा वितरणमूखी खर्च**<br>**आर्थिक सहायता**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले बाढि पहिरो प्रभावित तथा आर्थिक अवस्था कमजोर भएका व्यात्तिलाई आर्थिक सहायता प्रयोजनको लागि यो वर्ष व्यक्ति एवं संघ संस्थालाई रु १२६३०००/-आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २३ | | | **मन्दिर निर्माण तथा मर्मत**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष विभिन्न ८ वटा मन्दिरहरु निर्माण तथा मर्मतमा रू. २३५०००० विनियोजन गरी खर्च लेखेको छ । दिगो र उत्पादनमूलक क्षेत्रमा पुँजिगत बजेट बिनियोजन गरी स्थानीय रोजगारी सृजना तथा गरिवी निवारणमा केन्द्रित हुनु पर्नेमा मन्दिर निर्माण जस्ता धार्मिक कृयाकलापमा कूल पालिकाको पुँजिगत बजेटको १.३४ प्रतिशत खर्च भएको देखियो । भक्तजनहरुको आस्था र दान भेटीबाट संरक्षण तथा सम्वर्द्धन गर्नु पर्ने गरी मन्दिरहरुको व्यवस्थापनमा सम्बन्धित उपभोक्ताहरु लाई जिम्मेवारी बढाई पालिकाले स्थानीय वित्तीय आधार बढाउन बढी ध्यान दिनु पर्दछ । | |
| २४ | | | **मापदण्ड वेगर अनुदान**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । व्यक्ति वा संस्थालाई दिइने अनुदान निश्चित मापदण्डमा आधारित हुनु पर्दछ । तर पालिकाले देहायका नाफामूलक प्रकृतिका संस्थालाई सोझै अनुदान रकम उपलव्ध गराएको देखियो । निश्चित मापदण्ड विना छनौट भएका व्यक्ति वा संस्थालाई दिइने अनुदान खर्चमा प्रभावकारी नियन्त्रण हुनु पर्दछ ।<br><br>**सि.नं.** \| **अनुदान पाउने संस्थाको नाम** \| **प्रयोजन** \| **अनुदान रकम**<br>१ \| दार्चुला सशस्त्र बल, खलंगा \| भवन निर्माण \| १०००००/- | |

| २५ | | | **अनुदान प्राप्ति,वितरण र फिर्ता** | ६३८,३३१ |
|---|---|---|---|---|

**अनुदान फिर्ता** – संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानिकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७८ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता भएको रकम | फिर्ता हुन बाँकी रकम |
|---|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | २३३९५८२१० | २१९४०६०२८.०५ | १४५५२१८१.९५ | |
| | विषेश | ३,९८००,००० | २८०५०३८८ | ११११११२८१ | ६३८३३१ |
| | समपुरक | १००००००० | ८०३८०४९ | १९६१९६१ | |
| | अन्य | | | | |
| **प्रदेश सरकार** | शसर्त | ६७१८००० | ६३८४६०३ | ३३३३९७ | |
| | विषेश | ६९००००० | ६७५३७५६ | १४६२४४ | |
| | समपुरक | ८८५५००० | ७७५१४८६ | ११०३५१४ | |
| | अन्य | | | | |
| | **जम्मा** | ३०६२३१२१० | २७६३८४३१०.०५ | २९२०८५७८.९५ | ६३८३३१ |

| २६ | | | **अनुदानको अनुगमन** | |
|---|---|---|---|---|

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु८३ लाख तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रु ० गरी रु.८३ लाख

खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

२७

**अनुगमन प्रतिवेदन**

विशेष अनुदान तथा समपुरक सम्बन्धी कार्यविधि २०७५ मा विशेष र समपुरक अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहले नियमित अनुगमन गर्नु पर्ने र सोको अनुगमन प्रतिवेदनतथा चौमासिक रुपमा प्रगतिप्रतिवेदन सम्बन्धित प्रदेश मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयग मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नु पर्ने व्यवस्था छ ।त्यसैगरी समपुरक अनुदानबाट संचालित योजनाहरुको नियमित अनुगमन गर्न सम्बन्धित योजना प्रभावित क्षेत्रको निर्वाचित प्रदेश सभा सदस्यको अध्यक्षतामा गठित अनुगमन समितिले अनुगमन प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश सरकार समक्ष पेश गर्नु पर्ने व्यवस्था छ । यस पालिकाबाट विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालित योजनाहरुको कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाएको छैन । कार्यविधिको व्यवस्था अनुसार अनुगमन हुनु पर्दछ ।

२८

**प्रशासकिय भवन पूर्वाधार विकास अनुदान**

स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि २०७६ मा गाँउपालिकाको प्रशासकीय भवन बनाउने प्रयोजनको लागि ६० प्रतिशत नेपाल सरकारले र बाकी ४० प्रतिशत लागत स्थानीय तहले व्यहोरिने व्यवस्था छ । पालिकाले यो वर्ष नेपाल सरकारबाट रू. ५८ लाख अनुदानको रुपमा प्राप्त भएकोमा निम्नानुसार निर्माण व्यवसायीलाई प्रशासकीय भवन निर्माणको लागि रू. ५२ लाख पेश्कि स्वरुप भुक्तानी दिएको सबै रकम नेपाल सरकार अनुदानबाट दिएकोले नियमको पालना गरेको पाइएन।

| **क्र= सं=** | **निर्माण व्यवसायीको नाम** | **सम्झौता रकम** | **भुक्तानी रकम** |
|---|---|---|---|
| १ | A.M. Consturction Company Pvt.Ltd, Lalitpur | 52286341.04 | 5200000/-(पेश्कि लगेको) |

२९

**कर दस्तुर एवं आन्तरिक आय**

**आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय–व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.4098000/- आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७7।७8 मा रु.6371365.49 अर्थात अनुमान भन्दा 55प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

३०

**कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | 55000.00 | 400117.07 | 727 |
| घरजग्गा वहाल कर | 136000.00 | 272730.00 | 200 |
| व्यवसाय कर | 172000.00 | 459520.00 | 267 |
| वहाल विटौरी शुल्क | 45000.00 | 17131.00 | 38 |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

३१

**राजश्व अभिलेख**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन। अघिल्लो आ.व.को बाँकी के कति छ एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।

३२

यस गाउँपालिकाले रसिद नियन्त्रण खाता राखी प्रत्येक वडा कार्यालयलाई रसिद वितरण गरेको छ। लेखापरीक्षण योजना अनुसार दुईवटा वडा कार्यालय वडा नं.२ र 5 को लेखापरीक्षण गर्दा वडा नं २को वार्षिक आम्दानी रु.364157.5 र वडा नं.5को आम्दानी रु६७७६०.55 भएको देखियो। गाउँपालिकाले एकमुष्ठ रुपमा सबै वडा र गाउँपालिकाको आम्दानी रकम बैकमा जम्मा गरेकोले वडाको आम्दानी कति भयो स्पष्ट हुन सकिएन। आ.व. २०७६/77 मा देखिएको व्यहोरा यस आ.व.मा सोही बमोजिम देखिएकोले खासै सुधार भएको देखिएन।

३३



https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| | | | नगदी आम्दानी ररिद ठेली एक आर्थिक वर्षको अनुमान गरी सोही आर्थिक वर्षमा प्रयोग गर्नुपर्दछ। बाँकी रसिद ठेली अर्को आर्थिक वर्षमा प्रयोग गर्दा सो वर्षमा आम्दानी बाँधी प्रयोग गर्नुपर्दछ।रसिद ठेलीमा बाँकी रहेका रसिदहरु आर्थिक वर्ष समाप्त भएपछि रद्द गर्नुपर्छ। गाउँपालिकाले एम्बुलेन्को आम्दानी रसिद ठेली नं1-50 मा र.न. 1-11 प्रयोग गरेकोमा जोड जम्मा गर्दा रु102000/- आम्दानी र र.न.12-34 सम्म यस आ.व. प्रयोग गरेकोमा रु225500/- आम्दानी भएको देखियो । यसबाट एक वर्षको वास्तविक आम्दानी यकीन गर्न नसकिने भएकोले आम्दानी रसिदको प्रयोग आर्थिक वर्ष अनुसार फरक गर्नुपर्दछ । | |
| ३४ | | | **आयकर एवं मू.अ.कर** | |
| ३४.१ | | | २८३/०७७/११/०९ वडा कार्यालयका कर्मचारी पदाधिकारीहरुलाई दुईदिने अनुशिक्षण तालिममा सहभागी भए पश्चात वितरण गरिएको भत्तामा कर कट्टी नभएको रु ७८६७ कार्यक्रम सञ्चालक दिनेश सिँह बोहरा बाट असुल गरी राजश्व दाखिला गर्नुपर्ने रु.<br>**कार्यालयको प्रतिक्रिया उपर कारबाही हुँदा यस बुँदामा रहेको रु७८६७। मिति २०७९।१।२७ मा फछ्र्यौट भएकोमा NAMS Digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।** | |
| ३४.२ | | | 503/078/3/6आयकर ऐन २०५८ को दफा ८८ अनुसार पारीश्रमिक भुक्तानी गर्दा १५ प्रतिशत कर कट्टी गर्नु पर्ने व्यवस्था छ । यस गा पा ले कानूनी परामर्श लिए वाफत कानूनी सल्लाहाकार भक्त सिँह ठेकरे बोहरा लाई रु.२५०००० भुक्तानी गर्दा १५ प्रतिशत ले रु.३७५००/-कर कट्टी गर्नु पर्नेमा रु.२५००/- मात्र कट्टी गरेकोले नपुग कर रु.३५०००/- असुल गरी राजश्व दाखिला गर्नुपर्ने रु. | ३५,००० |
| ३४.३ | | | भुक्तानीमा कर कट्टीः आयकर ऐन २०५८ अनुसार पान बिल प्रयोग भइ हुने भुक्तानीमा १५ प्रतिशत अग्रिम कर कट्टी गर्नु पर्ने व्यवस्था छ ।पालिकाले देहायअनुसार भुक्तानी गर्दा नियमानुसार कर कट्टी गरेको देखिएन। अतः नियमानुसार हुने नपुग कर सम्बन्धित पक्षबाट असुल गर्नपर्ने रु. | ३३३,५०६ |

| भौचर नं.र मिति | भुक्तानी पाउने | भुक्तानी रकम | कर काटेको | नपुग कर15% |
|---|---|---|---|---|
| 487/078/2/31 | रेडियो निङ्गाशैनी ९४.० मेघाहर्ज | 390000/- | 5850/- | 52650/- |
| 295/077/11/17 | मालिकार्जुन फेन्सी स्टोर | १२८५१८/ | | १९२७७/- |
| 295/077/11/17 | दिपशिखा स्टेशनरी एण्ड अर्डर सप्लायर्स | २६०९०२/- | | ३९१३५/- |
| 565/078/3/7 | सारथी एफ एम | ७५०००/- | ११२५/- | 10125/- |
| 605/078/3/28<br>५४९/०७८/३/१८ | न्यू तिखावान ट्रेड एण्ड सप्लायर्सलाई | २२९७८५/- | 3446/- | 31021/- |
| 3/077/5/14 | | 256800/- | 3957/- | 35613/- |
| 77/077/9/7 | सामुदायिक रेडीयो लोकदर्पण | 246250/- | 3693/- | 36937/- |
| 277/077/11/5 | सुदुर दर्पण साप्ताहिक | 300000/- | 3000/- | 27000/- |
| 389/078/1/9 | रेडियो निङ्गाशैनी ९४.० मेघाहर्ज | 250000/- | 3750/- | 33750/- |
| 579/078/3/21 | सुदुर दर्पण साप्ताहिक | 235908/- | 3538/- | 35848/- |
| 590/077/3/23 | रिजन ट्रेडर्स एण्ड सप्लायर्स | 90000/- | 1350/- | 12150/- |
| **जम्मा रु** | | | | **333506/-** |

३५ **उपभोक्ता समिति मार्फत कार्य** १५,४५७

**मु अ कर बढी भुक्तानीः**सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ अनुसार स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र गरेको व्यक्ति फर्म संस्था वा

कम्पनीबाट मात्र खरिद कार्यगर्नुपर्ने उल्लेख छ । सोहि नियममा उपभोक्ता समिति वा लाभग्राहि समुदायलाई सहभागी गराइ निर्माण कार्य गराउन सकिने उल्लेख छ। उपभोक्ता बाट कार्य गराउदा सम्झौताको लागत अनुमानमा मु अ कर लाग्ने आइटमको निर्धारण गरे बरावरको मु.अ. कर रकम अथवा मु.अ. कर विल अनुसार घटी मु.अ.कर भएमा सो वाफतको रकम मात्र भुक्तानी गर्न मिल्ने देखिन्छ । पालिकाले तपसिल बमोजिमका उपभोक्ता समितिलाई सम्झौतामा उल्लेख भएको भन्दा बढी मूल्य अभिवृद्धि कर भुक्तानी गरेको पाइएको ले यसरी बढी भुक्तानी दिएको मु.अ.कर रकम अनियमित देखिएको रु.

| गो भौ न मिति | फर्मको नाम | सम्झौता अनुसार मु. अ कर | भुक्तानीमु.अ कर | बढी मु. अ कर |
|---|---|---|---|---|
| २८१/२०७८/०३/०४ | लटिनाथ स्वा चौ आइशोलेशन भवन निर्माण उ.स. मार्फत | ४२५०१ | ५४०७२ | ११५७१ |
| ३२२/२०७८/०३/२२ | बसाडी बब्बल खा.पा. सिचाइ टंकी उ. स. | ३२७२४।७२ | ३६६११ | ३८८६ |
| जम्मा | | | | १५४५७/- |

३६ **खरिद व्यवस्थापन**

**डीपीआर खर्च** – सबै तहको सरकारी निकायको लागि अर्थ मन्त्रालयबाट जारी सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ मा सार्वजनिक संयन्त्रबाट सम्पादन हुन सक्ने सम्भाव्यता अध्ययन जस्ता कार्यमा परामर्श सेवा खरिद गर्न नहुने व्यवस्था छ । बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| क्र सं | कार्य विवरण | परामर्शदाता | स्विकृत रकम | खर्च रकम | आयोजना लगत |
|---|---|---|---|---|---|
| १ | घोल्जर पर्यटन गुरुयोजना | एसर्टिभ कन्सल्टिभ ग्रुप प्रा. लि. | १४५८५० | १४७८२५० | ३६३०१०७५ |
| २ | दुर्गेश्वरी मावि भवन निर्माण डिपिआर | चेतना ईन्जिनियरिङ सर्भिस | ३८३९८५ | ३८०००० | ४४३६७५३४ |
| ३ | तोलिमाण्डौं जगरकोट गल्लेमखान सडक डिपिआर | दोगडा केदार कन्सल्टेन्सी सर्भिस | ४०४८०० | ४००२०० | १८३७१३३४८ |
| ४ | मार्मा औधोगिक ग्राम डिपिआर | साईनिङ्ग एक्सिस कन्सल्टेन्ट प्रा. लि. | १७५५००० | १७४८५०० | १२२६५८८६० |
| | जम्मा | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । | |
| ३७ | | | **सवारी साधन खरिद**<br>अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ३ थान दुई पांग्रे सवारि साधन खरिदमा रु ९९४६७६/-खर्च गरेका छन् । | |
| ३८ | | | **निर्माण कार्यको गुणस्तर**<br>सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति मार्फत आवश्यक व्यवस्था गर्नुपर्दछ । कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्यावियन तार, सिमेण्ट, मोर्टार तथा कंक्रिट क्यूब परीक्षण जस्ता कार्य गराएको पाइएन।यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन।अतःनियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नु पर्दछ । | |
| ३९ | | | **मालसमान तथा उपकरण खरिद**<br>सार्वजनिक खरिद ऐन २०६३ को दफा १३ मा सार्वजनिक निकायले कुनै मालसामान तथा उपकरण खरिद गर्दा तयार गरिने बोलपत्र सम्बन्धी कागजातमा मालसामानको प्राविधिक स्पेशीकेसन उल्लेख गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली २०६४ को नियम २१ मा सोही प्राविधिक स्पेशिफिकेशनमा आधारित भई सम्झौता गर्नु पर्ने भने नियम ४२ मा आपुर्ति भएको मालसामान बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको स्पेशिफिकेसन बमोजिमको भए नभएको कुरा परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष खरिद गरेका निम्नानुसार माल सामान तथा उपकरणहरुको सम्बन्धित विषय विज्ञको सहायतामा प्राविधिक स्पेशिफिकेसन तयार पारेको देखिएन भने उपयुक्त प्राविधिक विशेषता निहित रहेको भनि सम्बन्धित विषय विज्ञबाट निरक्षण समेत भएको देखिएन जसले गर्दा खरिद गरिएका सामान गुणस्तरीय तथा आवश्यक प्राविधिक विशेषता भए नभएको एकिन गर्न सकिएन । | |

| क्र स | मालसामानको विवरण | संख्या | भुक्तानी रकम |
|---|---|---|---|
| १ | ल्याप्टप | ९ | ७८१६२३ |
| २ | डेस्कटप कम्प्युटर | ९ | ५४०९१८ |
| ३ | फोटोकपि प्रिन्टर | १० | २७१४२४ |
| ४ | सोलार | १९ | ४७७०३६.९६ |
| ५ | मोटरसाइकल | ३ | ९९४६७६ |

४०

**बीमा नगरेको**

सार्वजनिक खरिद नियमावली २०६४ को ११२ मा सार्वजनिक निकायले रु दश लाख भन्दा बढीको निर्माण कार्य गराउदा निर्माण व्यवसायीले निर्माण कार्य र सो सँग सम्बन्धित अन्य जनशक्ति तथा प्लाण्टहरु समेतको बीमा गर्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार रु १० लाख भन्दा माथिका निर्माण कार्य गर्न निर्माण व्यवसायी सँग सम्झौता गरेकोमा नियमावलीमा तोकेबमोजिम बीमा गरेको अवस्था छैन । भवन निर्माण, सिचाई नहर निर्माण तथा खानेपानी जस्ता प्राविधिक रुपमा संवेदनशील संरचनामा निर्माणमा सम्भावित दुर्घटना बच्न बीमा अपरिहार्य रहेकोले सीमा भन्दा माथीका सबै निर्माण कार्यको बीमा गर्नु पर्दछ ।

| **कामको विवरण** | **ठेक्का अंक** | **ठेक्का सम्पन्न गर्ने मिती** | **बीमा रकम भुक्तानी** | **बीमाको म्याद** | **बीमा नगरेको विवरण** |
|---|---|---|---|---|---|
| Paribagad- Gholjar-ParamchulaRoad-III,Marma-1 | 3488.91443 | 2077-11-30 | नभएको | | बिमा नगरेको |
| Construction of Latinath Playground, Marma-3 | 2198.57205 | 2077-11-30 | भएको | २०७८-१२-३० | |
| Construction of Guljar Healthpost Building, Marma-1 | 4904.07842 | 2078-07-29 | नभएको | | बिमा नगरेको |
| Latinath Secondary School Raskot Building Construction, Marma-3 | 18445.19344 | 2079-01-31 | नभएको | | बिमा नगरेको |

| | | | | | |
|---|---|---|---|---|---|
| ४१ | | | **ग्रामिण जलस्रोत तर्फ**<br><br>**स्रोतगत खर्चको हिसाव नमिलेकोः** ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना अन्तर्गत संचालित कार्यक्रमहरु नेपाल सरकार, पालिका र फिनल्याण्ड सरकार बीच लागत साझेदारी गर्ने व्यवस्था छ । संरचना विषेश खानेपानी, सिचाई तथा प्लाष्टिक घरको लागत फिनल्याण्ड सरकार, पालिका र नेपाल सरकारले व्यहोरिने लागत अंश फरक फरक तय गरिएको छ । पालिकाले पेश गरेको विवरण अनुसार निम्नानुसार विभिन्न १८ योजनाहरु यस परियोजना अन्तर्गत संचालनमा रहेकोमा तोकिए बमोजिमको अंश वापत हुने अनुमानित रकम रु .१ करोड ६३ लाख ४५ हजार मात्र फिन्ल्याण्ड सरकारबाटखर्च गर्नु पर्नेमा यो वर्ष पुँजिगत तर्फ यस फिन्ल्याण्ड सरकारबाट रु १ करोड ६३ लाख ४५ हजार खर्च लेखिएको छ विनियोजित बजेट अनुसार फिन्ल्याण्ड सरकारको अंश र नेपाल सरकार तथा गाँउपालिकाको व्यहोरिने अंश बराबर खर्च भएको छ । | | |

| | विनियोजित | खर्च |
|---|---|---|
| **Name Of Scheme / Specific Activity** | **GOF/EU** | **GOF/EU** |
| छोयामुल संरक्षण योजना मार्मा ३ | 242000/- | 242000/- |
| जीविकोपार्जन क्रियाकलापमा पूर्वाधार सहयोग ( जीविकोपार्जन सम्बन्धि पूर्वाधार सहयोग) | 400000/- | 400000/- |
| रोडाखोला खानेपानी तथा सरसफाई योजना | 1770000/- | 1238500/- |
| हडे पडपडा खानेपानी तथा सरसफाई योजना | 0 | 1150463/- |
| ठुलथला कोटथला खानेपानी तथा सरसफाई योजना | 1620000/- | 699037/- |
| दल्याड खानेपानी तथा सरसफाई योजना | | 202000/- |
| पारिबागढ़ खानेपानी तथा सरसफाई योजना | | |
| सिरानापानी खानेपानी तथा सरसफाई योजना | | 100000/- |
| पडपडा पोलिहाउस सहयोग योजना | 437000/- | 412000/- |
| संकलन केन्द्र निर्माण योजना | 400000/- | 425000/- |
| च्युरिमुल्य शृंखला सहयोग कार्यक्रम | 2283000/- | 2283000/- |
| सहकारीलाई संस्थागत सहयोग | 108000/- | 108000/- |
| लटिनाथ आ बि जुड़े शौचालय निर्माण योजना | 567000/- | 432503/- |
| पडपडा बिद्यालय सरसफाईमा तीनतारे सहयोग कार्यक्रम | | 134497/- |
| | 1598000/- | 1800000/- |

| | | |
|---|---|---|
| रिल बहुउपयोगी योजना | | |
| सांगाडी बहुउपयोगी योजना | 1678000/- | 1617925/- |
| बजानी बहु उपयोगी योजना | 5000000/- | 4858075/- |
| सुधारिएको चुल्हो सहयोग योजना | 242000/- | 242000/- |

४२

**शिक्षातर्फ**

दरवन्दी र पदपूर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका 46 सामुदायिक विद्यालयहरु मध्ये देहायको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार नमिल्दो देखिन्छ ।विद्यार्थी संख्या न्यून भएका तथा भौगोलिक दृष्टिले अनुकूल विद्यालयहरु गाभिनु पर्दछ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| 11 | श्री दुर्गेश्वरी मा.वि.घोल्जर | 8 | 8 | 0 | 359 | 1/45 |
| 22 | श्री तपोवन मा.वि.पडपडा | 10 | 10 | 0 | 514 | 1/51 |
| 33 | श्री लटिनाथ मा.वि.रस्कोट | 13 | 13 | 0 | 935 | 1/72 |
| 44 | श्री सल्लेघार मा.वि.मुरै | 8 | 8 | 2 | 346 | 1/43 |
| 55 | श्री भवानी मा.वि. तेलिमाण्डौं | 3 | 3 | 1 | 70 | 1/23 |
| 66 | श्री भुवनेश्वरी आ .वि घोडेधार | 2 | 2 | 1 | 27 | 1/13 |
| 77 | श्री भुमिराज आ.वि.गोल्फा | 3 | 3 | 2 | 73 | 1/24 |
| ८8 | श्री धौलपुर आ.वि. जन्निगाउँ | 3 | 3 | 2 | 54 | 1/20 |
| 99 | श्री प्रशान्त आ.वि.पारिबगड | 2 | 2 | 0 | 28 | 1/14 |
| 110 | श्री मलिकार्जुन आ.वि.परिवन | 3 | 3 | 1 | 63 | 1/21 |

यस सम्बन्धमा निम्नानुसार देखिएको छः

४३ **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.११३५००००/- तलब भत्ता भुक्तानी गरेको पाईयो ।

४४ **बढी निकासा** ८२,२२३

नेपाल सरकार तथा पालिकाबाट विद्यालयहरुलाई वार्षिक कार्यक्रम अनुसार दिईने एकमुष्ट अनूदान तथा निकासा सम्बन्धमा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा उल्लेख भए अनुसार दिनुपर्ने कानूनी व्यवस्था छ । महालेखपरीक्षकको कार्यालयको स्वीकृत योजना बमोजिम केही विद्यालयलाई

नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले उक्त पुस्तीकामा उल्लेख भएभन्दा बढी हुने गरी निम्नानुसार पाठ्य पुस्तक तर्फ रु. 60173/- , पि.सि.एफ.तर्फ रु22050/- लगायत रु.82223/- बढी निकासा दिएको देखियो । तसर्थ पालिका अन्तर्गतका सबै विद्यालयको निकासा छानबिन गरी तोकीए भन्दा बढी निकासा भएको रकम असूल गरी सम्बन्धीत राजस्व खातामा दाखिला हुनुपर्ने देखिएको रु.

| गो.भौ./मिति | विद्यालयको नाम | कार्यक्रम | बढी भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| 82/077/9/6 | श्री दुर्गेश्वरी मा.वि ताकु | निःशुल्क पाठ्यपुस्तक | 25000.00 | कक्षा ९को 28 विद्यार्थीको पुस्तक बिल |
| 442/078/3/24 | श्री दुर्गेश्वरी मा.वि ताकु | | 19443.00 | 1-9 कक्षा सम्मको जम्मा 32विद्यार्थीको बढि माग |
| | श्री दुर्गेश्वरी मा.वि घोल्जर | | 3552.00 | बुलेटिनमा कक्षागत विद्यार्थी विवरण नहुँदा औसत गणना गरेको |
| | श्री अपिपथ मावि शेरी | | 4178.00 | |
| | श्री दुर्गेश्वरी मा.वि ताकु | पि सि एफ | 8000.00 | |
| | श्री दुर्गेश्वरी मा.वि घोल्जर | | 11950.00 | |
| | श्री मलिकार्जुन आ.वि. परिवन | | 2300.00 | |
| | श्री अपिपथ मा.वि.शेरी | | 7800.00 | |
| **जम्मा** | | | **82223.00** | |

४५ **फरक बजेट उपशीर्षक** २५,०००

**262/078/2/5** गाउँपालिकाको बैठक नं 30मिति 2078/1/16मा गाउँपालिका बाट रु.25000/-लामबगर आ.वि. लामबगरलाई सामग्री खरिद गर्न दिने निर्णय भएको छ। गाउँपालिकाले सो अनुदान गाउँपालिकाको कार्यक्रमबाट दिनुपर्नेमा शशर्त अनुदानबाट निकासा गरेको देखियो। फरक बजेट उपशीर्षकबाट खर्च गरेको रकम अनियमित देखिएको रु.

४६ **कार्यसम्पदानमा आधारित अनुदान** २००,०००

| | | | | | |
|---|---|---|---|---|---|
| | | | **362/078/3/18** शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यन्वयन पुस्तिकाको कम्पोनेन्ट नं 9.3मा विद्यालयले स्वीकृत प्रस्ताव अनुसारका क्रियाकलाप संचालन गरी सोको आवधिक प्रगति प्रतिवेदन स्थानीय तहमा नियमित रुपमा पठाउने र स्थानीय तहले प्रस्ताव अनुसार अनुदान रकमको उपयोगको अवस्थाका सम्बन्धमा नियमित अनुगमन गर्ने उल्लेख छ । गाउँपालिकाले श्री डाँडबाग आ.वि पाडिईथिङ, श्री युवावर्ष आ.वि सार्सी ,श्री महादेव आ.वि मटेला, र श्री दुर्गेश्वरी आ.वि. बारौ लाई प्रति विद्यालय रु 50000/-का आधारमा कार्यसम्पादनमा आधारित अनुदान जम्मा रु.200000/- दिएकोमा सोको कुनै बिल भरपाइ सहितको प्रगति प्रतिवेदन पेश भएको देखिएन। तसर्थ अनुदान पाएका विद्यालयको प्रगति प्रतिवेदन पेश गर्नुपर्ने रु. | |
| ४७ | | | **कोभिड 19 सिकाई सहजीकरण**<br>कोभिड 19 का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजीकरणका लागि शैक्षिक कार्यक्रम अन्तर्गत देहायको विद्यालयलाई निकासा दिएकोमा सो कार्यक्रमको कुनै प्रस्ताव, बिल भरपाई तथा विवरण पेश भएको देखिएन। उपरोक्त विवरण पेश गर्नुपर्ने रु | १,६६७,११० |
| ४८ | | | **जिन्सी दाखिला प्रतिवेदन पेश नभएको**<br>पालिकाबाट तपसिल बमोजिमका शैक्षिक संस्थाहरुलाई शैक्षिक सामग्री तथा फर्निचर खरिदकालागि रकम रु उपलब्ध गराएकोमा ति संस्थाले ति सामग्री खरिद गरेको भनि ति संस्थाका संचालक समितिले उल्लेख गरेको भएता पनि त्यसरी खरिद भएका सामग्रीहरु सम्बन्धित संस्थाको जिन्सी खातामा दाखिला गरेको दाखिला प्रतिवेदन पेश नगरेकोले खरिद सामग्री दुरुपयोग हुन सक्ने देखिन्छ । नियम अनुसार कुन पनि किसिमका कार्यालय सामग्री खरिद भएपछि जिन्सी आम्दानी बाध्नु पर्ने देखिएकोले ति संस्थाले खरिद गरेको सामग्री आफ्नो जिन्सी खातामा आम्दानी बाधेको जिन्सी दाखिला प्रतिवेदन पेश गर्नुपर्ने देखिएको रु. | १,२९९,९३८ |

| भौचर नं. र मिति | विद्यालयको नाम | रकम |
|---|---|---|
| 509/078/3/28 | लटीनाथ मा.वि रसकोट | 372370/- |
| | अपिपथ प्रदर्शक मा.वि. शेरी | 372370/- |
| | दुर्गेश्वरी आ.वि. ताकु | 372370/- |
| | दुर्गेश्वरी प्रा.वि.बार्कु | 250000/- |
| 491/078/3/25 | सिराड भुमि आ.वि. | 300000/- |
| जम्मा | | 1667110/- |

| भौचर नं | विवरण | खर्च रकम |
|---|---|---|
| ३०७/२०७८/०३/१८ | तपोवन मा वि पडपडा कृषि जेटिए अध्ययनका लागि आवश्यक सामग्री ल्यापटप लगायत | ५०००००/- |
| ३४०/२०७८/०३/२५ | लटिनाथ बहुमखि क्याम्पस फर्निचर | ७७४७१२/- |
| **जम्मा रु** | | **1299938/-** |

४९ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा ४१निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ५७८ जनालाई रोजगारी उपलव्ध गराई रु १,७६,२९,७००/- खर्च गरेको छ । लक्षित वर्गलाई ५० दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।

५० **विपद् व्यवस्थापन**

**कार्य योजना** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने गराउन सम्बन्धी व्यवस्था छ । नगरपालिकाले ऐन तथा नियमावलीमा तोकिए बमोजिम बजेट विनियोजन गर्ने कोभिड रोकथाम तथा नियन्त्रणका पूर्व तयारी गरी प्रतिकार्य समिति गठन गर्ने तथा सबै पक्षको समन्वय गरी कार्य गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु गराउनु पर्दछ ।

५१ **विपद् व्यवस्थापन कोष**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत

| | | | | |
|---|---|---|---|---|
| | | | रु. ९१३७५६७/- आम्दानी भई रु. ८४३५०४४/-. खर्च गरी बाँकी रु. ९११२२१.१४ देखिन्छ । पालिकाले खर्च मध्ये रु ८४३५०४४/- भुक्तानी गरेको देखिन्छ । पालिकाले नियममा तोकिएबमोजिम कोष खडा गरेको छ। ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ५२ | | | **वार्षिक प्रतिवेदन**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ५३ | | | **जोखिम भत्ता**<br>कोरोना भाइरस को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यव्थापन आदेश 2077 को बुँदा नं. ३ मा हेल्थ डेस्कमा खटिएका, क्वारेन्टाइनमा कार्यरत जनशक्ति, उपचारमा संलग्न ,प्रयोगशाला परीक्षणमा संलग्न, जनशक्ति व्यवस्थापनमा खटीएका जनशक्तिले जोखिम भत्ता प्राप्त गर्न सक्ने र बुँदा नं. ७मा जोखिम भत्ता प्रतिशत उल्लेख छ।गाउँपालिकाको बैठक नं 21 मिति 2076/12/29 मा क्वारेन्टाइन र हेल्थ डेस्कमा काम गर्ने स्वास्थ्य कर्मीहरुलाई तलब स्केलको 50प्रतिशत थप गर्ने र यस बाहेक कोरोना नियन्त्रण सम्बन्धी काम गर्ने कर्मचारीहरुलाई तलब स्केलको ४० प्रतिशत थप गर्ने तथा स्वयंसेविकाहरुलाई प्रति स्वयंसेविकालाई रु5000/- जोखिम भत्ता दिने निर्णय भएको छ।सो निर्णयानुसार आ.व.2076/77 मा बजेट अपुग भई यस आर्थिक वर्षमा जिम्मेवारी सारेर जोँखिम भत्तामा रु.728916/- खर्च भएको छ । | |
| ५४ | | | **बिल भरपाई**<br>**20/2077/6/30** क्वारेन्टाइन व्यवस्थापन तथा संचालनको लागि लटिनाथ आ.वि. क्वारेन्टाइनका आइसोलेशन संयोजक इन्द्र सिँह बिष्टलाई रु.215590/- भुक्तानी भएकोमा रु.192590/-बराबरको मात्र बिल भरपाई पेश भएको देखियो। नपुग बिल भरपाई बमोजिमको रु.23000/- सम्बन्धित पक्षबाट असुल गर्नुपर्ने रु. | २३,००० |
| ५५ | | | **24/077/6/30** कोभिड 19 रोकथाम नियन्त्रण उपचार तथा व्यवस्थापन सम्बन्धी स्वास्थ्यकर्मीहरुलाई २ दिने तालिम संचालन गरेकोमा हे.अ.दिनेश सिँह धामीलाई रु.137700/- भुक्तानी भएकोमा रु 136100/- बमोजिमको मात्र बिल भरपाई रहेको देखियो । नपुग बिल भरपाई रु.1600/- सम्बन्धित पक्षबाट असुल गर्नुपर्ने रु. | १,६०० |
| ५६ | | | **जीप भाडा**<br>भुक्तानी दिँदा रीत पुर्याएर दिनुपर्दछ।गाउँपालकाले कोभिड १९का कारण लकडाउनमा अलपत्र परेका वयक्तिहरुलाई भारतका विभिन्न नाकाहरुबाट गाउँपालिकामा उद्धार गरी ल्याईएको भनी विभिन्न भौचरबाट जम्मा रु365800/- जीप भाडामा खर्च गरेको देखिएको छ।देहाय अनुसारको भुक्तानी मितिले उक्त समयमा लकडाउनको कारण अलपत्र पर्न सक्ने स्थिति नरहेको सर्वविदित छ। जीप भाडा भुक्तानीमा जीप धनीसँग सम्झौता नभएको कति व्यक्तिलाई कुन मितिमा ल्याएको जस्ता कुनै विवरण पेश नगरी सीधा भुक्तानी दिएको देखियो।बिना विवरण तथा प्रयोजनको जीप भाडा भुक्तानी नियम सम्मत नदेखिएको रु. | ३६५,८०० |

| भौचर नं.र मिति | रकम | भुक्तानी पाउने जीप धनी /ड्राइभर | कैफियत |
|---|---|---|---|
| 10/077/6/11 | 74800/- | अर्जुन भट्ट | बहारकर कट्टी छ |
| 12/077/6/16 | 83000/- | खडक ब.बोहरा | |
| 12/077/6/16 | 83000/- | गंगा दत्त जोशी | |
| 40/077/8/22 | 42000/- | रमेश धामी | |
| 77/077/11/9 | 83000/- | प्रताप सिँह धामी | |
| जम्मा रु | 365800/- | | |

५७

**सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन ।

५८

**कोभिड–१९ तर्फ**

आ.व. २०७७/०७८ को अषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छः



https://nams.oag.gov.np

| आम्दानी स्रोत | रकम रु | खर्च शिर्षक | रकम रु |
|---|---|---|---|
| गत बर्षको बाँकी | 00 | राहत वितरण | ०० |
| स्थानीय तहको आफ्नै वजेटवाट | ७८,४६,२६५.१४/- | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | १८,१५,५४१/- |
| संघीय कोभिड कोषवाट | १५,००,०००/- | औषधी एवं स्वास्थ्य उपकरण खरिद | २०,६५,५४१/- |
| प्रदेश कोभिड कोषवाट | ०० | आइसोलेसन केन्द्र निर्माण | १३,१५,६५५/- |
| अन्य स्रोतबाट | | खोप कार्यक्रम खर्च | ७,४८,१५५/- |
| | | जोखिम भत्ता | ७,२४,६१६/- |
| | | प्रशासनिक खर्च | १५,४२,०१५/- |
| | | अन्य खर्च | २,२३,५२१/- |
| | | वाँकी | ९,११,२२१.१४/- |
| **जम्मा** | **९३,४६,२६५.१४/-** | | **९३,४६,२६५.१४/-** |

| | | | | |
|---|---|---|---|---|
| ५९ | | | **पेश्की व्यवस्थापन**<br>पेश्की बाकीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ७४ मा सार्वजनिक निकायले कुनै प्रयोजनको लागि दिइएको पेश्की सो प्रयोजन सम्पन्न भएको मितिले १५ दिन भित्र फछ्यौंट भै सक्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार कामको लागि पेश्कि दिइएकोमा आर्थिक वर्षको अन्त्य सम्म पेश्की फछ्यौंट हुन नसकी पेश्की बाकीको विवरण कायम गरेको छ । उक्त पेश्की नियमानुसार फर्छ्यौट गर्नुपर्ने रु. | ७,२८०,००० |

| पेश्की लिने व्यक्तिको नाम | प्रयोजन | म्याद नाघेको पेश्की रकम | म्याद ननाघेको पेश्की रकम |
|---|---|---|---|
| सनिदेव।वालिचन्द्र जे भि | विद्यालय भवन निर्माण | ३२०००००  | |
| अपिशैपाल मार्मा कन्स्ट्रक्सन एण्ड सप्लार्स | वडा न. ५ को भवन निर्माणको लागि | ११०००००  | |
| कोजु ईञ्जिनियरिङ एण्ड विल्डर्स प्रा लि | पर्यटन पुर्वाधार निर्माणको लागि | २८०००००  | |
| उमडा भगवति मन्दिर निर्मान( उ.स) | मन्दिर निर्माण | १८००००  | |
| | | 7280000/- | |

| | | | | |
|---|---|---|---|---|
| ६० | | | **चालुतर्फ**<br>पालिकाको प्रशासकीय भवन र सार्सी देखि दुनी जाने सडक को डि पि आर निर्माण गर्न भ्यानिङ्स कन्सल्ट प्रा लि र सर्कम स्पेक्ट कन्सल्टेन्सी सर्भिसेज प्रा लि लाई जम्मा २६९१६६० भुक्तानी गरेकोमा सार्वजनिक तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ बमोजिम जिन्सी आम्दानी बाध्नु पर्ने रु. | २,६९१,६६० |
| ६१ | | | **लागत अनुमान**<br>सार्वजनिक खरीद ऐन २०६३ को दफा ५ अनुसार १ लाख भन्दा बढीको खरीदमा लागत अनुमान बनाउनु पर्दछ। यस पालिकाले निम्न भौ नं मितीमा सामान खरीद गर्दा लागत अनुमान तयार गरेको छैन । त्यसैले यस्तो खरीद नियम संगत नदेखिएको। | |

| भौचर नं र मिति | फर्मको नाम | सामानको विवरण | रकम |
|---|---|---|---|
| ६४/२०७७/०७/०२ | परशुराम आधुनिक छापाखाना | ल्यापटप थान ४ समेत | ४६८९५०/- |
| १४७/२०७७/०९/०७ | पि डि अर्य सर्भिस | जे सि वि मर्मत | १६०९०६/- |
| २९२/२०७७/११/१७ | देवहरी ट्रेडर्स हाउस प्रा लि | स्टेशनरी | ५१५७६४/- |
| ३८१/२०७८/०१/०३ | दिनेश ट्रेडीङ् हाउस प्रा लि | फर्निचर | ४४४६५५/- |
| २०/२०७७/०९/०७ | उग्रतारा टेक्निकल गुड स | ल्यापटप | २१३७४३/- |
| **जम्मा** | | | **१८०४०१८/-** |

| | | | | |
|---|---|---|---|---|
| ६२ | | | **74/077/7/15** यस गा पा ले अपी सैपाल विकास मञ्च लाई कोभिड 19 in rural municipality कार्यक्रमको लागी सम्झौता बमोजिम रु ४९८५०० भुक्तानी गरेको छ । आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ अनुसार रु १ लाख भन्दा माथिको खरीद वा सेवामा लागत अनुमान गराई खर्च गर्नु पर्ने उल्लेख भएको लागत अनुमान तयार नगरी भुक्तानी भएको छ । त्यस्तै कार्य सम्पन्न पश्चात कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्नेमा कार्य सम्पन्न प्रतिवेदन पनि संलग्न पेश नभएकोले नियमावली विपरीतको खर्च लाई नियमित मान्न नसकिने | ४९८,५०० |
| ६३ | | | **147/2077/9/7** जे सि वि मर्मत गरेको भनी पि डी आर्य सर्भिस लाई इष्टिमेट मात्र राखेर रु.७१२८०/- र मु.अ. कर भुक्तानी रु.९२५६/- हुनुका साथै उक्त इष्टिमेटमा १३ प्रतिशत मु.अ. कर थप गरी भुक्तानी भएकोले मु.अ. कर सहित सक्कल विल पेश गर्नु पर्ने | ८०,४५० |
| ६४ | | | **321/077/11/26** यस गा पा ले सरीया १५०० के.जी. र सिमेन्ट ३३२ बोरा खरीद गरी शैल्यशिखर मालिकार्जुन निर्माण सेवा एण्ड सप्लायर्स लाई रु.४९९७५३/- भुक्तानी गरीएको छ । उक्त सामानहरु कुन कुन निर्माण कार्यमा खर्च भए र कुनै कार्य भएको भए लागत अनुमान सहित कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने रु. | ४९९,७५३ |
| ६५ | | | 375/यस गा पा ले सिमेन्ट ७७२ बोरा र सरीया ८ एम एम १६३५ केजी खरीद गरी महत ट्रेडीङ् एण्ड सप्लायर्स र अपि सैपाल मार्मा कन्स्ट्रक्सन एण्ड सप्लायर्स लाई रु ९९९१८२ भुक्तानी गरिएको छ । यी उल्लेखित सामानहरु कुन प्रयोजनको लागी खरीद भएको हो खुलाएको छैन त्यसैले सामान प्रयोग भएको निर्माण कार्यको लागत | ९९९,१८२ |

| | | | | |
|---|---|---|---|---|
| | | | अनुमान ड्रइङ डिजाइन लगायत कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने | |
| ६६ | | | **361/077/12/26** सार्वजनिक खरीद ऐन २०६३ अनुसार १ लाख भन्दा माथिको सामाग्री खरीद गर्दा लागत अनुमान तयार गर्नु पर्दछ ।यस गा पा ले विभिन्न साइजका एच डि पि पाईप खरीद गरी महर ट्रेडिङ एण्ड सप्लायर्सलाई रु ४९७८५५ भुक्तानी गरीएको छ । लागत अनुमान विना खरीद गरीएका पाईपहरु कुन आयोजना वा कार्यमा प्रयोग भए खुल्ने प्रमाण सहित र योजना भए कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने | ४९७,८५५ |
| ६७ | | | **568/078/3/21** शसस्त्र प्रहरी वल नेपाल ३४ गण हे क्वा दार्चुलाको मिति२०७७/०३/१६ को पत्र अनुसार शसस्त्र प्रहरी वल ३४ गण हे क्वा को छानो मर्मत गर्न यस गा पा बाट रु १ लाख (सशस्त्र प्रहरी वल व्यारेक निर्माण समिति भनेर) भुक्तानी गरिएको छ । उक्त भवन निर्माणको विल भरपाई लागत अनुमान जस्ता कुनै प्रमाण संलग्न नगरी समितिलाई भुक्तानी गरिएकोले विल भरपाई सहित कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्दछ । साथै व्यारेक निर्माण गर्न सम्बन्धि तालुक कार्यालयबाट पनि उक्त कार्य गर्न वजेट विनियोजन हुने हुँदा त्यस तर्फ पनि ध्यान दिदै निर्माण कार्य भएको प्रमाण खुल्ने विल भरपाई सहित कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु. | १००,००० |
| ६८ | | | **455/077/2/21** मार्मा गाउँपालिका र लटिनाथ विकास फाउन्डेसन विच २०७८/०१/२६ गते भएको सम्झौता अनुसार मार्मा गाउँपालिका भित्र रहेका धार्मिक स्थलहरु संरचना निर्माण र सम्वर्द्धन कार्यक्रम गर्नका लागी रु ४००००० भुक्तानी गरीएको छ । सम्झौता अनुसार कार्य सम्पन्न पश्चात कार्य सम्पन्न प्रतिवेदन पेश गर्ने उल्लेख छ ।सो फाउण्डसनले कार्यसम्पन्न प्रतिवेदन पेश गरेको छैन तसर्थ फाउण्डेशनले कार्य कम्पन्न प्रतिवेदन पेश गर्नु पर्दछ साथै फाउण्डेसन ले सार्वजनिक खरीद नियमावली २०६३ को दफा १९ अनुसार कर विजक संलग्न नगरेको हुदा कर विजक समेत पेश गर्नुपर्ने रु. | ४००,००० |
| ६९ | | | **अन्य निकायको कार्य**<br>पालिकाबाट इ.प्र.का. मार्माको गार्ड हाउस मन्दिर तथा कम्पाउन्ड वालकोलागि रु ५००००० बजेट विनियोजन गरेको मा उक्त निर्माण कार्य उपभोक्ता समिति मार्फत गराइ उपभोक्ताको लागत सहभागिता समेत रु ५२७८८८ को काम भएको देखिन्छ । पालिकाले उक्त निर्माण कार्यको लागि रु ४७३०४१ भुक्तानी गरेकोमा यसरी भएको कार्य जानकारी सम्बन्धित नियकायको प्रधान कार्यालयलाई दिएको पाइएन । यसरी निकायको काममा रकम विनियोजन तथा खर्च गर्दा सम्बन्धित निकायको बजेट निकाशा गर्ने महाशाखासँग समन्वय गर्नुपर्ने देखिन्छ । समन्वय नगरि खर्च गर्दा एकै कामका लागि दोहोरो रुपमा सरकारी बजेट खर्च हुने देखिएको ले सो तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ। | |
| ७० | | | **भाडा**<br>जुनसुकै खर्च गर्दा पनि खर्चलाई पुष्टाई गर्ने प्रमाण संलग्न गरेर मात्र खर्च गर्नु पर्दछ । पालिकाले कुनै प्रयोजन नखुलाई भाडा वाफत भनी विभिन्न मितिमा रु ३३९५०० खर्च लेखेको छ यस्तो खर्च गर्ने प्रवृतिको अन्त्य गर्नु पर्छ । | |

| | | | | |
|---|---|---|---|---|
| ७१ | | | **आन्तरिक लेखापरीक्षणबाट कायम व्यहोराहरु**<br>**आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजू:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७७ को दफा ८५ मा आन्तरिक लेखापरीणबाट कायम बेरुजू अन्तिम लेखापरीक्षण हुनु सम्म फस्यौंट भईसक्नु पर्ने व्यवस्था छ । पालिकाको आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित निम्नानुसार ब्यहोराहरु लेखापरीक्षण अवधि सम्म फस्यौंट नभएकोले नियमानुसार फस्यौंट हुनु पर्दछ । | |
| ७१.१ | | | 317/077/11/25 वडा नं ०४ को कार्यालय व्यवस्थापन तथा मर्मत गरी भुक्तानी लिंदा कार्य सम्पन्न प्रतिवेदन समावेश नगरेको ले राख्नु पर्ने रु<br>**कार्यालयको प्रतिक्रिया उपर कारबाही हुँदा यस बुँदामा रहेको रु११७७०८। मिति २०७९।१।२७ मा फछ्र्यौंट भएकोमा NAMS Digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।** | |
| ७१.२ | | | 617/078/3/25सोलार सि.पि.यु खरीद गरी दाखिला नगरेकोले दाखिला गर्नुपर्ने रु. | ६५,००० |
| ७१.३ | | | सामुदायिक विद्यालयका छात्राहरुका लागी भौचर नं. 88/077/9/10 र 379/077/3/20 बाट जम्मा रु.1299983/- को स्यानिटरी प्याड प्रतिस्पर्धा नगराई सोझै खरिद गरेको देखियो। | |
| ७२ | | | अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छः (रु हजारमा) | |
| ७३ | | | बेरुजु फछ्र्योटको स्थिति<br>यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ । | |

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| ८१३९२ | 40५ | ८०९८७ |

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्र्यौटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| 1 | 2075/ 76 | विभिन्न | असुली | 405318 | | | | 404818 |

७४

अद्यावधिक वेरुजु

यस पालिकाको २०७७/ ०७८ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छः

(रु हजारमा)

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष कायम बेरुजू(B) | संपरीक्षणबाट कायम बेरुजू(C) | अध्यावधिक बाँकी बेरुजू (D) (D=A+B+C) |
|---|---|---|---|
| ८०९८७ | १७७९९ | ० | ९८७८६ |